प्रदेश सरकार

# सामाजिक विकास मन्त्रालय

बागमती प्रदेश

हेटौंडा, मकवानपुर, नेपाल

## नोभल कोरोना भाइरस (कोभिड-१९) सम्बन्धि दैनिक प्रतिवेदन

मितिः २०७७/१०/४

(बेलुका ५:०० बजे)

❖ बागमती प्रदेशको कोभिड सम्बन्धित समग्र जानकारीः

❖ बागमती प्रदेशमा जम्मा जनसंख्या* ६२८३९९४ जना ।

❖ कोभिडकोलागि गरिएको पिसिआर परिक्षणको जम्मा संख्या १११९३६८ जना ।

❖ कोभिडको संक्रमण (पिसिआर परिक्षण पोजीटिभ) जम्मा संख्या १४६७८४ जना ।

❖ संक्रमणको जम्मा पोजीटिभ दर १३.११ प्रतिशत ।

❖ २४ घन्टामा गरिएको पिसिआर परिक्षणको संख्या १९२४ जना।

❖ २४ घन्टामा संक्रमणको पोजीटिभ दर १०.३४ प्रतिशत।

❖ सबभन्दा बडी सक्रिय संक्रमण भएका तिन जिल्लाहरु काठमान्डौ, ललितपुर र नुवाकोट हुन् ।

❖ सक्रिय संक्रमण सबै जिल्लामा पाइएको छ ।

❖ जम्मा आइसीयु बेडको संख्या ४१५,आइसीयु मा भर्ना भएको संख्या ६१ जना ।

❖ जम्मा भेन्टिलेटरबेड को बेड संख्या १६०, भेन्टिलेटरबेडमा भर्ना भएको संख्या २२ जना।

❖ प्रदेशमा भएको पिसिआर प्रोयोगशालाको संख्या ४३; सरकारी २० वटा, गैर सरकारीमा २३ वटा ।

❖ पिसिआरको परिक्षण सरकारी संस्थामा ५१.७२ % प्रतिशत (प्रदेशमा भएको जम्मा परिक्षणको ), गैर सरकारी संस्थामा ४८.२८% प्रतिशत (प्रदेशमा भएको जम्मा परिक्षणको )।

❖ आइसोलेसन, आइसीयु, भेन्टिलेटरको राम्रो तयारी रहेको ।

❖ एम्बुलेन्स सेवाको पूर्व तयारी राम्रो रहेको ।

❖ अन्य सुरक्षाको सामग्रीको पूर्व तयारी राम्रो रहेको ।

❖ समग्रमा संक्रमण घट्ने क्रममा रहेको तर कोभिड संक्रमणकोलागि हुने जोखिमका ब्यबहारहरु अझै उच्च रहेकोले उच्च सावधानी आपनाउनु पर्ने देखिन्छ ।

श्रोतः *HMIS projection FY १८/१९ र सामाजिक विकास मन्त्रालय, बागमती प्रदेश; स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मिडिया ब्रिफिङ २०७७/१०/०४


## समग्र नेपाल र बागमती प्रदेशको संक्रमणको अवस्था बारे थप जानकारी :


- हालसम्मको तथ्यांकमा यस प्रदेशमा देशको कुल संक्रमणको करिब पचपन्न प्रतिशत (५४.७२%) रहेको छ भने मृत्युको अनुपात यस प्रदेशमा तुलनात्मक रुपमा कम रहेको छ र मृत्यु हुनेमा बढ्दो उमेर र अन्य जिर्ण रोगहरुको सहरुग्णता देखिएको छ ।
- यस प्रदेशमा पछिल्ला दिनमा संक्रमितको संख्या तीव्र रुपमा बढेको हुनाले हाल उपचाररत बिरामीको संख्या कुल नेपालको भन्दा तुलनात्मक रुपमा बढी देखिएको हो।

| विवरण | नेपाल | बागमती प्रदेश |
|---|---|---|
| संक्रमण देखिएको (PCR) | २६७३२२(१००%) | १४६७८४(१००%) |
| निको भएको | २६१४४४(९७.८० %) | १४३०७४(९७.४७%) |
| उपचाररत | ३९१९(१.५०%) | २७३९(१.८७ %) |
| मृत्यु भएको | १९५९(०.७३%) | ९७१(०.६६%) |

श्रोतः सामाजिक विकास मन्त्रालय, बागमती प्रदेश; स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मिडिया ब्रिफिङ २०७७/१०/०४

## ❖ बागमती प्रदेशमा कोभिड-१९ संक्रमितहरुको लिंग र उमेर समुह अनुसारको विवरण यस प्रकार रहेको छः




स्रोतः EWARS, इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखा, २०७७/१०/०४

यस प्रदेशमा पुरुषहरुमा महिलाको तुलनामा बढि संक्रमण देखिएको छ भने २१ देखि ५० वर्ष समुहका व्यक्तिहरुमा कोभिड-१९को संक्रमण बढी देखिएको छ । विगतमा भन्दा अहिले ६० वर्षभन्दा बढी उमेरमा पनि संक्रमण बढदै गएको देखिन्छ ।

❖ गत २४ घण्टामा आइ. सी. यु र भेन्टिलेटरमा भएका बिरामीको संख्याः

यस प्रदेशमा गत २४ घन्टामा आइ. सी. यु र भेन्टिलेटरमा उपचाररत बिरामीको संख्या यस प्रकार रहेको छः

| विवरण | काठमाण्डौ उपत्यकाभित्र | काठमाण्डौ उपत्यकाबाहिर | जम्मा |
|---|---|---|---|
| आइ. सी. यु मा उपचाररत बिरामीको संख्या | ४१ | २० | ६१ |
| भेन्टिलेटरमा उपचाररत बिरामीको संख्या | २० | २ | २२ |

❖ गत २४ घण्टामा प्राप्त जिल्लागत निधनको संख्या जसमा बिगतमा छुट भएको संख्या पनि समाबेस भएको छः

| जिल्ला | मृतकको संख्या र विवरण | |
|---|---|---|
| | संख्या | विवरण |
| ललितपुर | १ | ८० बर्षिय पुरुष |
| | | जम्मा — १ |

❖ निधनको विवरण निम्न बमोजिम रहेको छः

- ललितपुरका ८० वर्षिय पुरुष कोभिड र निमोनिया भएको कारणले पौष २४ गते अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा माघ ४ गते निधन भएको छ। उहाँको पौष २५ गते कोभिड-१९ पुष्टि भएको थियो। उहाँलाई मिर्गौला सम्बन्धि रोगको समस्या थियो।

- उहाँको दुखद् निधनमा सामाजिक विकास मन्त्रालय हार्दिक समवेदना प्रकट गर्दछ।

❖ जिल्लागत क्वारेन्टाइन, आइसोलेसन, पी.सि.आर.(PCR) परिक्षण सम्बन्धी विवरणः

- हालसम्म बागमती प्रदेशमा ७४७७ वटा क्वारेन्टाईन बेड रहेको छ । यस प्रदेशमा ४७०७ वटा आइसोलेशन बेड तयारी अवस्थामा रहेको छ जसमा अहिले ६९५ जना (केहि जिल्लामा होम आइसोलेसनमा भएकाको समेत विवरण उल्लेख गरिएको) संस्थागत आइसोलेसनमा र २०४४ जना होम आइसोलेसनमा बसिरहनुभएको छ । आजको मितिसम्मको विवरण अनुसार यस प्रदेशमा ११११९३६८

जनाको पिसिआर परिक्षण गरिएको छ र १४६७८४ जनामा संक्रमण देखिएको छ ।थप विवरण निम्न बमोजिम रहेको छ ।

| जिल्ला | RT-PCR परिक्षण सम्बन्धी विवरण | | | कै |
|---|---|---|---|---|
| | जम्मा संकलित स्वाब संख्या | पोजेटिभ | आजको नयाँ संक्रमण | |
| काठमाण्डौ | ६२४२९० | ९९९२७ | १४५ | |
| ललितपुर | २८०४६३ | १५८११ | २३ | |
| भक्तपुर | २४७४६ | ९०८० | ९ | |
| रसुवा | ३५८५ | २३३ | - | |
| नुवाकोट | १०४५९ | १४८७ | १० | |
| धादिङ | ६५०३ | १७४० | ३ | |
| चितवन | ६८२५६ | ७६३९ | ५ | |
| सिन्धुली | ४२८५ | ५८३ | - | |
| मकवानपुर | ३४३६७ | ४३९२ | - | |
| रामेछाप | ३०७३ | ५६५ | १ | |
| दोलखा | ३४५१ | ७७१ | - | |
| काभ्रेपलान्चोक | ४९१७५ | ३५४९ | ३ | |
| सिन्धुपाल्चोक | ६७१५ | १००७ | - | |
| जम्मा | **१११९३६८** | **१४६७८४** | **१९९** | |

श्रोत: पोजिटिभ केस र होम आइसोलेसनको विवरण स्वास्थ्य आपतकालिन कार्य संचालन केन्द्र र प्रादेशिक स्वास्थ्य आपतकालिन कार्य संचालन केन्द्रबाट प्राप्त जानकारी अनुसार र अन्य विवरण सम्बन्धित जिल्लाबाट प्राप्त आजको अन्तिम अभिलेख (२०७७/१०/०४)

## ❖ मुख्य-मुख्य क्रियाकलापहरु:

- **संक्रमितको खोजी र फलो-अप कार्य:**

  सम्बन्धित जिल्लाको स्वास्थ्य कार्यालय, स्थानीय महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका, गाउँपालिका, स्थानीय स्वास्थ्य संस्था एवम् अस्पतालहरु मार्फत सम्पर्कमा आएका व्यक्तिको खोजी, सम्पर्कितहरुको फलो-अप र अन्य व्यवस्थापन (काठमाण्डौ, भक्तपुर र ललितपुरको हकमा इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखाको समेत समन्वयमा) कार्य भईरहेको छ ।

## ❖ प्रादेशिक जनस्वास्थ्य प्रयोगशालामा भएको पि. सि. आर. परीक्षणको विवरण

प्रादेशिक जनस्वास्थ्य प्रयोगशालामा हिजोसम्म प्राप्त भएको पी. सी. आर परिक्षणको विवरण यस प्रकारको रहेको छः

| **प्रयोगशाला** | **हालसम्म प्राप्त स्वाबको संख्या** | **आज प्राप्त स्वाब संख्या** | **आज परिक्षण भएको स्वाबको संख्या** | **आज परिक्षण भएको स्वाबको नतिजा** | | **कै** |
|---|---|---|---|---|---|---|
| | | | | **पोजिटिभ** | **नेगेटिभ** | |
| VBDRTC, हेटौडाको प्रादेशिक जनस्वास्थ्य प्रयोगशाला | ३४२३४ | ७ | ७ | हेटौड(५)-३ | ४ | |
| काभ्रेपलान्चोक, धुलिखेलको प्रादेशिक जनस्वास्थ्य प्रयोगशाला | १७४३७ | **परिक्षणको रिपोर्ट आउन बाँकी रहेको।** | | | | |
| त्रिशुली अस्पताल प्रयोगशाला | ४०१७ | २३ | २३ | बिदुर नुवाकोट-१० फलोअप-१ | १२ | |
| भक्तपुर अस्पताल प्रयोगशाला | १४६९ | २१ | २१ | सिपाडोल-१ फलोअप-३ | १७ | |
| सिन्धुली अस्पताल प्रयोगशाला | ३९३ | १६ | ११ | मरिन(६)-१ फलोअप-१ | ९ | |

❖ कोभिड-१९ सम्बन्धि थप जानकारी र मार्गदर्शनको लागि निम्न उल्लेखित वेबपेज हेर्न हार्दिक अनुरोध छः

-सामाजिक विकास मन्त्रालय, बागमती प्रदेशः http://mosd.p३.gov.np/

-स्वास्थ्य तथा जनसंख्या मन्त्रालयः https://covid१९.mohp.gov.np/#/

-नेपाल सरकार गृह मन्त्रालय : https://covid१९.ndrrma.gov.np/

-कोभिड-१९ संकट ब्यवबस्थापन केन्द्रः ccmc.gov.np

-इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखाः http://www.edcd.gov.np/news/covid-१९-situation-updates

-विश्व स्वास्थ्य संगठन / नेपालः https://www.who.int/nepal

**अन्त्यमा सदाझै यहाँहरूको अमूल्य सुझाव र सहयोगको अपेक्षा गर्दछौं ।**
**धन्यवाद !**

प्रवक्ता
डा. पुरुषोत्तम राज सेढाई